Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal

कार्तिक ५, २०६५

# यूएसएड्द्वारा नेपाललाई चार करोड बीसलाख डलरको विकास सहायता प्रदान

संयुक्त राज्य अमेरिकाले नेपाल सरकारसँग आर्थिक वर्ष २००८ मा थप चारकरोड बीसलाख डलर थप सहायता प्रदान गर्ने एक सहमति पत्रमा हस्ताक्षर गरेको छ । उक्त सहमति नेपाल स्थित अन्तर्राष्ट्रिय विकासका निम्ति अमेरिकी नियोग ( यूएसएड्) मार्फत गत सेप्टेम्बर २३ मा गरिएको हो । यो सहायता अमेरिकाले नेपाललाई आर्थिक वर्ष २००८ मा दिन लागेको छ करोड सत्तरी लाख डलरको विकास सहायता प्याकेजको एक हिस्सा हो । यो सहायता नेपाल सरकारको स्वास्थ्य, आर्थिक वृद्धि, प्रजातन्त्र र सुशासन, र द्वन्द्व निरुपण क्षेत्रका विकासका प्राथमिकतामा प्रयोग गरिने छ ।

"यो सहमति नेपालमा विकासका प्राथकिता क्षेत्रमा सहयोग गर्ने अमेरिकी प्रतिबद्धताको अर्को प्रदर्शन हो र हामी नेपाल सरकारसाग काम गर्दा निकै हर्षित छौं," युएसएड्/नेपालका मिशन उपनिर्देशक एन्टोनी एस्. चानले भन्नु भयो । "यो रकमले नेपाली जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरुमा सहयोग पुऱ्याउने छ ।"

अर्थमन्त्रालयका सहसचिव कृष्ण ज्ञवाली र युएसएड्/नेपालका मिशन निर्देशक बेथ एस. पेज द्वारा हस्ताक्षरित संशोधनमा उल्लेख भए अनुसार झण्डै एक करोड साठीलाख डलर द्वन्द्व निरुपण, जनजीविका, र आर्थिक वृद्धिका ती क्षेत्रमा लगाइने छ जस अन्तर्गत गरीबहरुको जीविकाको बचाव गर्ने, बढी कृषि फसलद्वारा ग्रामिण भेगको आम्दानी बढाउने, र पिछडिएका युवाहरुलाई व्यावसायिक तालिम तथा लक्षित छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम संचालन हुने छन् ।

युएसएड्/नेपालले प्रजातन्त्र र सुशासनका क्षेत्रमा थप असी लाख डलर प्रदान गर्ने छ । यो रकम प्रजातान्त्रिक, चुनावी र राजनितिक प्रक्रिया सशक्तिकरण गर्ने, सामुदायिक तहमा प्राकृतिक स्रोत व्यवस्थापनमा सहयोग पुऱ्याउने, राजनीतिमा महिला प्रतिनिधित्वलाई उत्प्रेरित गर्ने र सहजीकरण गर्ने, र मानव ओसारपसार र शोषण विरुद्ध लड्ने कार्यक्रमहरुमा खर्च गरिने छ ।

थप एक करोड असी लाख डलर मातृशिशु स्वास्थ्य, परिवार नियोजन र एच्.आई.भी./एड्स हेरचाह तथा रोकथाममा सहयोग पुऱ्याउने कार्यक्रमहरुमा खर्च गरिने छ ।

######

बितेका ५७ वर्षमा अमेरिकी जनताले नेपाली जनतालाई यूएस्एड/नेपाल मार्फत शान्ति स्थापना, प्रजातन्त्र र सुशासन, स्वास्थ्य र परिवार नियोजन, आर्थिक वृद्धि र् मानवीय सहयोगका क्षेत्रमा सहायता पुऱ्याउादै आएका छन् । अमेरिकी सरकारले यस वर्ष बैदेशिक सहायता अन्तर्गत नेपाली जनतालाई छ करोड सत्तरी लाख डलर प्रदान गर्नेछ ।

Public Affairs Section
Embassy of the United States of America
G. P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200/Fax: 977-1-4007280
http://nepal.usembassy.gov

U.S. Agency for International Development
G.P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200
Fax 977-1-4007285
http://nepal.usaid.gov